# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते,प्यूठान

लुम्बिनी प्रदेश,नेपाल

पत्र सख्याः-२०८२/८३

चलानी नं.:- ३३५

मितिः- २०८२/०७/०२

श्री जिल्ला प्रशासन कार्यालय

खलंगा,प्यूठान.

**विषयः- सूचनाको हक सार्वजनिक सम्वन्धमा ।**

प्रस्तुत विषयमा सूचनाको हक सम्वन्धी ऐन,२०६४ को दफा ५(३) र सो को नियमनवलीको नियम (३) वमोजिमको विवरण सार्वजनिक निकायले प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भएको हुँदा यस गाउँपालिकाबाट आ.व. २०८२/८३ को प्रथम त्रैमासिक अवधि (श्रावण-असोज) सम्ममा भएका कामकारवाहीहरुको विवरण Website (www.jhimruk.gov.np) मार्फत सार्वजनिक गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

हरि प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत छैठौं

**बोधार्थ**

श्री राष्ट्रिय सूचना आयोग,बानेश्वर-१०,देवीनगर,काठमाडौं

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (सूचना तथा प्रविधि शाखा) सिंहदरवार,काठमाडौं ।

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, ( प्रेश तथा सूचना समन्वय शाखा) सिंहदरवार काठमाडौं

श्री सूचना प्रविधि शाखा Website मा अपलोड गरिदिनु हुन ।

गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम

सार्वजनिक गरिएको विवरण

# २०८२ श्रावण-आश्विन सम्म

## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# स्वत: प्रकाशन(Proactive Disclours)

सूचना नै शक्ति हो। आजको विश्वमा सूचनाका क्षेत्रको विकासले विश्व एउटा गाउँजस्तै भएको छ। सूचना र सञ्चारको यो युगमा सूचनाले नै क्षणभरमै विश्वमा उथलपुथल ल्याइदिन सक्छ। त्यसैले सूचनाको महत्वपूर्ण स्थान छ। सूचना पाउनु नागरिकको हक हो। विश्वका विभिन्न मुलुकले आफ्ना संविधानका धारामा सूचनाको हक सम्बन्धमा व्यवस्था गरेका छन्। कसैले सूचना मागेमा त्यसको प्रमाणको भार सूचना प्रदायकको हुन्छ भन्ने मान्यताबाट सूचनाको हकसम्बन्धी कानुनको विकास भएको पाइन्छ। सूचना माग गर्नेले किन सूचना माग गरेको भनी कारण खुलाइरहनु पर्दैन। समयको परिवर्तनसँगै शासनप्रणालीमा पनि परिवर्तन गर्नुपर्छ। सरकारी तथा सार्वजनिक निकायले आफ्नो काम कारबाहीसँग सम्बन्धित रेकर्ड खुला राखुपर्छ भन्ने  मान्यताका साथ सुचनाको हकको परिकल्पना गरी सुचनाको हक सम्वन्धि ऐन नियमावलीको व्यवस्था गरी कार्यान्वयनमा ल्याईएको छ । यसै सन्दर्भमा सूचनाको हकसम्बन्धी कानुनले विश्वभर मान्यता पाउन थालेको हो।

**सूचनाको हक भन्नाले** सार्वजनिक सरोकार र चासोका सूचना माग गर्ने र प्राप्त गर्नेसम्बन्धी हक भन्ने बुझिन्छ। यो निजी व्यक्तिगत सूचनाको सन्दर्भमा लागू हुने हक नभई सार्वजनिक निकायमा रहेका सार्वजनिक सरोकार र चासोका सूचनाको हकमा आकर्षित हुने हक हो। यसमा सूचना माग गर्नेको हक र अधिकार निहित हुन्छ भने सूचना प्रवाह गर्नुपर्ने दायित्व सिर्जना भएको हुन्छ। नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ ङ मा सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ। सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माणकार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ।
अतः सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचना माग गर्ने र त्यस्तो सूचना प्राप्त गर्ने अधिकार भन्ने बुझिन्छ। राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने, सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गराउने सूचनाको हकको उद्देश्य छ।
आजको युगमा सूचनाबिनाको समाजको परिकल्पना गर्न सकिँदैन। व्यक्तिगत विकासदेखि समग्र मुलुकको विकासमा सूचनाको महत्वपुर्ण भूमिका हुन्छ। वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको रक्षाको सम्मान गर्न, सुशासनको प्रवद्र्धन गर्न, स्रोत साधनको परिचालनको अवस्था बारेमा सर्वसाधारणमा जानकारी भई दुरूपयोग हुन नदिन, प्रशासन संयन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन, समाजमा शान्ति, सुव्यवस्था कायम गर्न, अत्यावश्यक कानुनको निर्माण र कार्यान्वयन गर्न, सार्वजनिक सेवाप्रवाहलाई छिटोछरितो र प्रभावकारी तुल्याउन, प्राकृतिक प्रकोप र सङ्कट व्यवस्थापन गर्ने कार्यमा सूचनाको हकको महत्वपुर्ण भूमिका हुन्छ।
**सूचनाको हक सम्बन्धी ऐन,** २०६४ मा सार्वजनिक रूपमा प्रवाह नगरिने सूचनाका बारेमा उल्लेख छ। जसमा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने खालका सूचना छन्।
नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्वन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो गतिविधिहरुको विवरण ३/३ महिना  प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शिर्षक उल्लेख गरिएका छन । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन यस गाउँपालिकाले **२०८२ श्रावण देखि आश्विन** मसान्तसम्मको अवधिमा भएका प्रमुख कार्यहरुको विवरण प्रकाशित गरेका छौ ।यस कार्यलाई झिमरुक गाउँपालिकाले हरेक त्रैमासिक सकिएको  १५ दिन भित्र प्रकाशन गर्दै आएको छ ।

झिमरुक गाउँपालिका
मिति- २०८१/०७/०२ गते

**बिषयसुची**

१. झिमरुक गाउँपालिकाको स्वरूप र प्रकृति ........ 3
२. गाउँपालिकाका प्रमुख काम, कर्तव्य र अधिकार ........ 3
३. गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण ........ 5
**३.१ झिमरुक गाउँपालिकाका जनप्रतिनिधीहरुको विवरण** ........ 7
३.२ झिमरुक गाउँपालिका र कार्यालय अन्तरगतका अन्य कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण ........ 9
४. झिमरुक गा.पा बाट प्रदान गरिने सेवाहरू ........ 19
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ........ 19
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 20
७. निवेदन, उजुरी, उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ 20
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 20
९. सम्पादन गरेको कामको विवरण वैशाख – असार मसान्त सम्मको विवरण ........ 21
११. प्रमुख र सूचना अधिकारीको नाम र पद ........ 29
१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ 30
१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अधावाधिक विवरण ........ 35
१४. तोकिए वमोजिमका अन्य विवरण ........ 36
१५. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरु ........ 36
१६. झिमरुक गाउँपालिकाको वेबसाईट ........ 38
१७. सार्वजनिक निकायले प्राप्त भएको बैदेशिक सहायता , ऋण, अनुदान एव सम्झौता सम्वन्धी विवरण ........ 38
१८. झिमरुक गाउँपालिकाले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन ........ 39
१९. झिमरुक गाउँपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र तेस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ........ 39
२०. झिमरुक गाउँपालिकामा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण ........ 39
२१. झिमरुक गाउँपालिकामा सूचनाहरु अन्यन्त्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण ........ 39

## १. झिमरुक गाउँपालिकाको स्वरूप र प्रकृति

झिमरुक गाउँपालिका नेपालको लुम्विनी प्रदेश अर्न्तगत प्युठान जिल्लामा रहेको छ । झिमरुक गाउँपालिकोको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा बिशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३/९/२२ गतेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३ को निर्णयअनुसार माननीय संघिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३ /११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका ओखरकोट बादीकोट, वांगेमरोट, तोरवांग र तुषारा गा.वि.स.गरि ५ वटा गा.वि.स.र लिवाङ्ग गा.वि.स.का ८ र ९ वडा समावेश गरी भएको हो ।झिमरुक गाउँपालिको पूर्वमा गुल्मी जिल्ला पश्चिममा नौवहिनी गाउँपालिका र प्युठान नगरपालिका उत्तरमा गौमसखी गाउँपालिका र नौवहिनि गाउँपालिका दक्षिणमा प्युठान न.पा र मल्लरानी गाउपालिका र अर्घाखाचि जिल्ला पर्दछ । यस गाउँपालिकामा ८ वटा वडा कार्यालयहरु ५ वटा स्वास्थ्य चौकी ३ वटा आधारभुत स्वास्थ्य चौकी रहेका छन ।यस गाउँपालिकामा १ वटा स्नातक सम्म अध्यापन हुने क्याम्पस, मा.वि विद्यालय १० वटा आधारभुत विद्यालय ३६ र संस्थागत विद्यालयमा मा.वि १ र आधारभुत ६ गरी जम्मा सामुदायीक र संस्थागत विद्यालय ५३ वटा विद्यालय रहेका छन ।

भौगोलिका हिसावले ८२ डिग्री ५५ मिनेट ३० सेकेण्ड देखी ८३ डिग्री ३ मिनेट ३० सेकेण्ड पुर्वि देशान्तर सम्म र २८ डिग्री ५ मिनेट ३० सेकेण्ड देखी २८ डिग्री १२ मिनेट ३० सेकेन्ड उत्तरी अक्षांशमा सम्म अवस्थित झिमरुक गाउँपालिका लुम्विनि प्रदेश को १०६.९३ वर्ग कि.मी क्षेत्रफल रहेको छ।यो गाउँपालिका समुन्द्र सतहवाट ८६८ मी देखी २१९९ मी को उचाईमा रहेको छ । राष्टिय जनगणना २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या जम्मा २६,१३०जना जसमा पूरुष ११,६३१ र महिला १४,४९९ रहेको छ ।यस गापामा जम्मा घरधुरी ६,५३४ रहेको छ ।

## २. गाउँपालिकाका प्रमुख काम, कर्तव्य र अधिकार

झिमरुक गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन ।

**क) अर्थ सम्बन्धीः**

१) गाउँपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरी गाँउपरिषद्मा पेश गर्ने ।

२) आय र व्ययको लेखा र तत् सम्वन्धि अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।

३) स्वीकृत वजेटको परिधिभित्र रही गाउँपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने ।

४) गाँउ परिषद्ले स्वीकृत गरेको कर, दस्तुर,शुल्क आदी उठाउने ।

**ख) भौतिक विकास सम्वन्धीः**

१) गाउँपालिका क्षेत्रको भु-उपयोग नक्सा बनाई औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन स्थल आदी क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

३) गाउँपालिका क्षेत्रमा खानेपानी र ढल निकासा सम्वन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको सञ्चालन र मर्मत सम्भार गर्ने गराउने ।

४) गाउँपालिका क्षेत्रभित्रका विभिन्न ठाउहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको विकास गर्ने गराउने ।

५) गाउँपालिका क्षेत्रका विभिन्न ठाउहरुमा र्सावजनिक शौचालयको व्यवस्था गर्ने, गराउने ।

६) गाउँपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदीको नक्सापास गर्ने, गराउने ।

७) सामूदायीक भवन तथा विश्राम गृह बनाउने ।

**ग) जलश्रोत,वातावरण र सरसफाई सम्वन्धीः**

१) गाउँपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ, धारा आदीको संरक्षण गरी सदूपयोग गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रमा सिंचाई योजना लागु गर्नु पर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।
३) गाउँपालिका क्षेत्रमा सम्भावित नदी कटान, बाढी तथा भु-क्षय आदीको नियन्त्रण र रोकथाम गर्ने गराउने ।
४) गाउँपालिका क्षेत्रमा हुने जल, वायू तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।
५) गाउँपालिका क्षेत्रभित्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने
६) गाउँपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम सञ्चालन गर्ने, गराउने ।
७) फोहर मैला सङ्कलन, ढूवानी तथा तह लगाउने सम्वन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
८) गाउँपालिका क्षेत्रमा विद्यूत उत्पादन तथा वितरण गर्ने, गराउने ।

**३) शिक्षा तथा खेलकूद बिकास सम्वन्धी**

१) आफ्नो स्रोतबाट गाउपालिकाका क्षेत्रमा पर्व प्राथमिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।
२)गाउपालिकाका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारीस गर्ने
३) गाउपालिकाका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।
४)आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरुका छात्रछात्राहरुलाई छात्रवृति दिने व्यवस्था मिलाउने ।
५)गाउपालिकाकास्तरीय प्रौढ शिक्षा तथा अनौपचारि शिक्षा सम्वन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने ।
ट) गाउपालिकाका क्षेत्रमा पूस्तकालय तथा वाचानालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।
७) खेलकुद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने, गराउने ।
ड) गाउपालिकाकास्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदक्षेत्रको विकास गर्ने, गराउने ।

**४) संस्कृति सम्वन्धीः**

१) गाउपालिकाका क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरी तिनीहरुको ममर्त सम्भार गरी संरक्षण र सर्म्बर्द्धन गर्ने, गराउने ।
२) गाउपालिकाका क्षेत्रभित्रका पूरातात्वीक वस्तू, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सर्म्बर्द्धन एवं प्रयोग गर्ने, गराउने ।

**५) निर्माण तथा यातायात सम्वन्धीः**

१) गाउपालिकाका क्षेत्रभित्र नेपाल सरकारको जिम्मामा रहेको सडक वाहेक आवश्यक पर्ने कच्ची पक्की सडक, पूल, कलभर्टहरुको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने गराउने ।
२) गाउपालिकाका क्षेत्रभित्र बसपार्क, रिक्सा, टाङ्गा, ट्रक आदीको पार्किंग व्यवस्था गर्ने गराउने ।
३) गाउपालिकाकाको यातायात आवश्यकतालाई विचार गरी ठेला, रिक्सा, टाङ्गा आदीको अधिकतम् हद् तोक्ने र तिनीहरुलाई दर्ता गरी नम्बर दिने ।

**६) स्वास्थ्य सेवा सम्वन्धीः**

१) गाँउस्तरीय अस्पताल, आर्वेदीक औषधालय र स्वास्थ्य केन्द्रहरुको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
२)गाउपालिकाका क्षेत्रभित्र स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरु खोल्ने, सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
३) परिवार नियोजन, मातृशिशू कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको तर्जूमा र कार्यान्वयन गर्ने, गराउने ।
४) महामारी तथा संक्रमण रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।
५)गाउपालिकाका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चिज वस्तूको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने ।

६) जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तूहरुको बेचबिखन र उपभोगमा रोक लगाउने ।

**७) समाजकल्याण सम्वन्धीः**

१) वेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने , टूहूरा असहाय तथा अनाथहरुका लागि अनाथालयको व्यवस्था गर्ने, गराउने ।

२)महिला तथा बालबालिकाको हित र कल्याण सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रण सम्वन्धी कार्य गर्ने, गराउने ।

**८) उद्योग तथा पर्यटन सम्वन्धीः**

१) गाउपालिकाका क्षेत्रमा घरेलू, साना तथा मझौला उद्योगको प्रवर्द्ध नमा उत्प्रेरकको काम गर्ने, गराउने ।

२)गाउपालिकाका क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण,सर्म्बर्द्धन, बिस्तार र सदूपयोग गर्ने, गराउने ।

## ३. गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण

झिमरुक गाउँपालिकामा स्विकृत कर्मचारी दरवन्दिविवरण निम्न अनुसार रहेको छ ।

| क्र.स. | पद | सेवा | समूह | श्रेणी तह | स्वीकृत दरवन्दी संख्या | पदपूर्तिको आवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पदपूर्ति संख्या | रिक्त | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | सा.प्रशासन | आठौं | १ | ० | १ | |
| २ | अधिकृत | प्रशासन | सा.प्रशासन | छैठौं | २ | १ | १ | |
| ३ | अधिकृत | प्रशासन | लेखा | छैठौं | १ | ० | १ | लो.से.वा माग |
| ४ | हे.अ. | स्वास्थ्य | हे.ई. | छैठौं | १ | १ | ० | |
| ५ | ईन्जिनियर | ईन्जि. | सिभिल | छैठौं | १ | १ | १ | करारमा भर्ना |
| ६ | अधिकृत | शिक्षा | शि.प्र. | छैठौं | १ | ० | १ | लो.से.वा माग |
| ७ | सि.अ.न.मी | स्वास्थ्य | प.हे.न | छैठौं | १ | १ | ० | |
| ८ | सहायक पाँचौ | प्रशासन | सा.प्रशासन | पाँचौ | ४ | २ | २ | लो.से.वामाग |
| ९ | आ.ले.प | प्रशासन | लेखा | पाँचौ | १ | ० | १ | लो.से.वामाग |
| १० | लेखा सहायक | प्रशासन | लेखा | पाँचौ | १ | ० | १ | |
| ११ | सव ईन्जिनियर | ईन्जि. | सिभिल | पाँचौ | १ | ० | १ | १ जना करारमा |
| १२ | कम्प्युटर अपरेटर | विविध | | पाँचौ | १ | १ | ० | |
| १३ | प्रा.स. | शिक्षा | शि.प्र. | पाँचौ | १ | १ | ० | |
| १४ | अ.सव ईन्जिनियर | ईन्जि. | सिभिल | चौथो | १ | १ | ० | |
| १५ | खा.पा.स.टे. चौथो | ईन्जि. | सिभिलरस्यानेटरी | चौथो | १ | ० | १ | लो.से.वामाग |
| १६ | सहायक महिला विकास निरीक्षक | विविध | | चौथो | १ | १ | ० | |
| | जम्मा | | | | २० | १० | १० | |
| वडा कार्यालयतर्फ | | | | | | | | |
| १ | सहायक | प्रशासन | सा.प्रशासन | पाँचौ | ३ | १ | २ | लो.से.वा माग |
| २ | सहायक | ईन्जि. | सिभिल | पाँचौ | ३ | १ | २ | लो.से.वा माग |
| ३ | सहायक | प्रशासन | सा.प्रशासन | चौथो | ५ | १ | ४ | लो.से.वा माग |
| ४ | सहायक | ईन्जि. | सिभिल | चौथो | ५ | २ | ३ | २ जना करारमा |
| | जम्मा | | | | १६ | ५ | ११ | |
| पशु एकाइतर्फ | | | | | | | | |
| १ | अधिकृत | कृषि | भेट | आठौ/नबौ | १ | ० | १ | लो.से.वा माग |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी तह | स्वीकृत दरवन्दी संख्या | पदपूर्तिको आवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पदपूर्ति संख्या | रिक्त | |
| २ | सहायक | कृषि | भेट | पाँचौ | १ | ० | १ | |
| ३ | सहायक | कृषि | लापोडेडे | पाँचौ | १ | १ | ० | |
| ४ | सहायक | कृषि | भेट | चौथो | १ | १ | ० | |
| ५ | सहायक | कृषि | लापोडेडे | चौथो | १ | १ | ० | |
| ६ | का.स. | प्रशासन | | | | १ | | स्थायी |
| | जम्मा | | | | ५ | ५ | १ | |
| कृषि एकाइतर्फ | | | | | | | | |
| १ | अधिकृत | कृषि | | सातौ/आठौ | १ | ० | १ | लो.से.वा माग |
| २ | सहायक | कृषि | | पाँचौ | २ | १ | १ | |
| ३ | सहायक | कृषि | | चौथो | १ | १ | ० | |
| जम्मा | | | | | ४ | ३ | | |
| स्वास्थ्यतर्फ | | | | | | | | |
| १ | अधिकृत | स्वास्थ्य | हे.ई. | छैठौं | ५ | | ५ | पाँचौवाट कार्यरत |
| २ | सहायक | स्वास्थ्य | हे.ई. | पाँचौ | ५ | ४ | १ | २ जना करारमा कार्यरत |
| ३ | सहायक | स्वास्थ्य | क.न. | पाँचौ | ५ | ३ | २ | १ छैठौमा कार्यरत |
| ४ | सहायक | स्वास्थ्य | हे.ई. | चौथो | ५ | ३ | २ | ३ करारमा कार्यरत |
| ५ | सहायक | स्वास्थ्य | क.न. | चौथो | ५ | २ | ३ | ४ करारमा कार्यरत |
| ६ | का.स. | प्रशासन | | | | ३ | | स्थायी |
| | जम्मा | | | | २५ | १५ | १३ | स्थायी ३ जना का.स. |
| आन्तरिक कोषतर्फ करारमा कार्यरत कर्मचारी विवरण | | | | | | | | |
| १ | सूचना प्रविधि अधिकृत | | | छैठौं | | - | १ | |
| २ | ल्याव असिस्टेन्ट | | | चौथो | | २ | | |
| ३ | हलुका सवारी चालक | | | - | | १ | | |
| ४ | कार्यालय सहयोगी | | | - | | ६ | | |
| ५ | सुरक्षा गार्ड | | | - | | २ | | |
| ६ | वडा कार्यालय तर्फ सहयोगी | | | | | ८ | | |
| | जम्मा | | | | | २० | | |
| आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारी विवरण | | | | | | | | |
| १ | अ.हे.व. | | | चौथो | | ३ | | |
| २ | अ.न.मि. | | | चौथो | | ३ | | |
| ३ | का.स. | | | - | | ३ | | |
| | जम्मा | | | | | ८ | | |
| विभिन्न कार्यक्रम अन्तगत करार सेवामा कार्यरत कर्मचारी विवरण | | | | | | | | |
| १. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ | | | | | | | | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी तह | स्वीकृत दरवन्दी संख्या | पदपूर्तिको आवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पदपूर्ति संख्या | रिक्त | |
| १ | रोजगार संयोजक | | | छैठौं | | 0 | | |
| २ | रोजगार सहायक | | | पाँचौ | | ० | | |
| ३ | रोजगार सहायक | | | पाँचौ | | 0 | | |
| | जम्मा | | | | | 0 | | |
| २. लघु उधम विकास कार्यक्रमतर्फ करार सेवामा कार्यरत कर्मचारीको विवरण | | | | | | | | |
| ज्ञ | उद्यम विकास सहजकर्ता | | | चौथो | | २ | | |
| | जम्मा | | | | | २ | | |
| पोषण कार्यक्रमतर्फ करार सेवामा कार्यरत कर्मचारीको विवरण | | | | | | | | |
| १ | पोषण स्वंयसेवक | | | चौथो | | १ | | |
| | जम्मा | | | | | १ | | |
| ३. स्वास्थ्य चौकीतर्फ करार सेवामा कार्यरत कर्मचारीको विवरण | | | | | | | | |
| १ | अ.न.मी.वर्थिङ | क.न. | | चौथो | | ५ | | |
| २ | का.स. | प्रशासन | | | | ३ | ३ | करारमा |
| | जम्मा | | | | | ८ | | |
| ४. एक गाउ एक प्राविधिकतर्फ करार सेवामा कार्यरत कर्मचारीको विवरण | | | | | | | | |
| १ | ना.प्रा.से.प्रा | पशु | | चौथो | | १ | | |
| २ | ना.प.स्वा.प्रा. | पशु | | चौथो | | २ | | |
| ३ | ना.प्रा.स. | कृषि | | चौथो | | २ | | |
| | जम्मा | | | | | ५ | | |
| पंञ्जिकरण एकाईतर्फ करार सेवामा कार्यरत कर्मचारीको विवरण | | | | | | | | |
| १ | एम.आई.एस. अपरेटर | | | पाँचौ | | 0 | | |
| २ | फिल्ड सहायक | | | चौथो | | १ | | |
| | जम्मा | | | | | 1 | | |

## ३.१ झिमरुक गाउँपालिकाका जनप्रतिनिधीहरुको विवरण

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पित बहादुर महतरा क्षेत्री | गाउँपालिका अध्यक्ष | झिमरुक गा.पा. ३ | ९८५७८३३५१६ | |
| २ | प्रमोद प्रोखेल | गाउँपालिका उपाध्यक्ष | झिमरुक गा.पा. ३ | ९८५११३३१५७ | |
| ३ | ध्रुव राज खनाल | वडा अध्यक्ष | झिमरुक गा.पा. १ | ९८४७५३१११५ | |
| ४ | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झिमरुक गा.पा. २ | ९८५७८३३७६७ | |
| ५ | मिन बहादुर खत्री | वडा अध्यक्ष | झिमरुक गा.पा. ३ | ९८४७८९७६२७ | |
| ६ | सिताराम पोखेल | वडा अध्यक्ष | झिमरुक गा.पा. ४ | ९८४७८७७७४१ | |
| ७ | दधीराम पोखेल | वडा अध्यक्ष | झिमरुक गा.पा. ५ | ९८५७८३३५४६ | |

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|
| ८ | धन वहादुर पुन | वडा अध्यक्ष | झिमरुक गा.पा. ६ | ९८४१७०३०३२ | |
| ९ | श्री कृष्ण वहादुर जि.सी. | वडा अध्यक्ष | झिमरुक गा.पा. ७ | ९८५७८३३९०७ | |
| १० | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झिमरुक गा.पा. ८ | ९८५७८३६६८१ | |
| ११ | चोप व. विक | कार्यपालिका सदस्य | झिमरुक गा.पा. १ | ९८४७९७४५३९ | |
| १२ | कल्पना थापा एम.सी. | कार्यपालिका सदस्य | झिमरुक गा.पा. ३ | ९८४८५८३६२८ | |
| १३ | तुलसा के.सी. | कार्यपालिका सदस्य | झिमरुक गा.पा. ४ | ९८४४९८५६८७ | |
| १४ | पार्वता वि.क. | कार्यपालिका सदस्य | झिमरुक गा.पा. ४ | ९८४७७३४८७६ | |
| १५ | हरी सुनार | कार्यपालिका सदस्य | झिमरुक गा.पा. ४ | ९८४७८३०६९३ | |
| १६ | संगिता परियार | कार्यपालिका सदस्य | झिमरुक गा.पा. ८ | ९८६३२८७३८८ | |
| १७ | यमुना घर्तीमगर | गाउँसभा सदस्य | झिमरुक गा.पा. १ | ९८४५४५१८०९ | |
| १८ | गिता सुनार | गाउँसभा सदस्य | झिमरुक गा.पा. १ | ९८६७५८४७७७ | |
| १९ | प्रतिमान पुन मगर | गाउँसभा सदस्य | झिमरुक गा.पा. १ | ९८४५८३७३२२ | |
| २० | शंकर पोखेल | गाउँसभा सदस्य | झिमरुक गा.पा. २ | ९८५७०३३५३८ | |
| २१ | गिता महतरा | गाउँसभा सदस्य | झिमरुक गा.पा. २ | ९८४७९०२०८० | |
| २२ | जोती सार्की | गाउँसभा सदस्य | झिमरुक गा.पा. २ | ९८४९६७६७६० | |
| २३ | वेगम पोखेल | गाउँसभा सदस्य | झिमरुक गा.पा. २ | ९८५७०४४५४१ | |
| २४ | शेर वहादुर खड्का क्षेत्री | गाउँसभा सदस्य | झिमरुक गा.पा. २ | ९८४७८३८४६५ | |
| २५ | जवुना वि.क. | गाउँसभा सदस्य | झिमरुक गा.पा. ३ | ९८४७९२०४७४ | |
| २६ | टेक वहादुर खत्री क्षेत्री | गाउँसभा सदस्य | झिमरुक गा.पा. ३ | ९८६४४२०२१७ | |
| २७ | रण वहादुर खड्का | गाउँसभा सदस्य | झिमरुक गा.पा. ३ | ९८४७८२१८२१ | |
| २८ | इन्द्र वहादुर पुन मगर | गाउँसभा सदस्य | झिमरुक गा.पा. ४ | ९८६६८६३१६८ | |
| २९ | धरम वहादुर जि.सी. | गाउँसभा सदस्य | झिमरुक गा.पा. ४ | ९८४७८३८२९३ | |
| ३० | मधु खड्का | गाउँसभा सदस्य | झिमरुक गा.पा. ५ | ९८४२४०५३०९ | |
| ३१ | सरिता वि.क. | गाउँसभा सदस्य | झिमरुक गा.पा. ५ | ९८४२४०५०६४ | |
| ३२ | भुमि वहादुर विश्वकर्मा | गाउँसभा सदस्य | झिमरुक गा.पा. ५ | ९८४०७४०७४५ | |
| ३३ | श्री वोधी राम पोखेल | गाउँसभा सदस्य | झिमरुक गा.पा. ५ | ९८४७८७७९५५ | |
| ३४ | खिम कुमारी श्रेष्ठ | गाउँसभा सदस्य | झिमरुक गा.पा. ६ | ९८६६५१७२१७ | |
| ३५ | राधिका वि.क. | गाउँसभा सदस्य | झिमरुक गा.पा. ६ | ९८४७८९५८५४ | |
| ३६ | मित्रु गिरी | गाउँसभा सदस्य | झिमरुक गा.पा. ६ | ९८४८३३३३९१ | |
| ३७ | हेम राज भट्टराई | गाउँसभा सदस्य | झिमरुक गा.पा. ६ | ९८५७८३८३६१ | |
| ३८ | राधा पछाइ | गाउँसभा सदस्य | झिमरुक गा.पा. ७ | ९८४७८७४६११ | |
| ३९ | पुतला सुनार | गाउँसभा सदस्य | झिमरुक गा.पा. ७ | ९८६८२८१७०९ | |
| ४० | तुल वहादुर पछाइ क्षेत्री | गाउँसभा सदस्य | झिमरुक गा.पा. ७ | ९८४७८२०९९६ | |
| ४१ | रेगम सिंह रसायल | गाउँसभा सदस्य | झिमरुक गा.पा. ७ | ९८४७९७०४०३ | |
| ४२ | शिवा गिरी | गाउँसभा सदस्य | झिमरुक गा.पा. ८ | ९८६६८९४१६५ | |
| ४३ | देवेन्द्र वहादुर जि.सी. | गाउँसभा सदस्य | झिमरुक गा.पा. ८ | ९८४९१८५४५१ | |
| ४४ | श्री गुमान सिंङ बस्नेत | गाउँसभा सदस्य | झिमरुक गा.पा. ८ | ९८६५५४९३५१ | |

## ३.२ झिमरुक गाउँपालिका र कार्यालय अन्तरगतका अन्य कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह/श्रेणी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | शाकुन्तला अर्याल | प्र.प्र.अ | रा.प.तृतिय | ९८५७८३६००५ | स्थायी |
| २ | विकास के.सी. | सि.अ.हे.व.अधिकृत | अधिकृत छैठौं | ९८४७८२०६४९ | स्थायी |
| ३ | हरि जि.सी | सि.अ.न.मी निरिक्षक | अधिकृत छैठौं | ९८४७८११९२० | स्थायी |
| ४ | हरि प्रसाद पोखेल | अधिकृत छैठौं | अधिकृत छैठौं | ९८४७८५६१०४ | स्थायी |
| ५ | अशोक जि.सी | ईन्जिनियर | अधिकृत छैठौं | ९८४९६१२९४८ | करार |
| ६ | तृसना जि.सी | कृषि अधिकृत | अधिकृत छैठौं | ९८६०२०२३४३ | करार |
| ७ | शुवास घिमिरे | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | ९८४७९६१५५२ | करार |
| 12 | यामलाल पोखेल | अधिकृत छैठौं | अधिकृत छैठौं | ९८५७८३८७७७ | स्थायी |
| 13 | सुकदेव रिजाल | अधिकृत छैठौं | अधिकृत छैठौं | ९८४७८३९५०५ | स्थायी |
| 14 | अरविन्द महत | अधिकृत छैठौं | अधिकृत छैठौं | ९८४००९१७६८ | स्थायी |
| 15 | पुष्प राना | अधिकृत छैठौं | अधिकृत छैठौं | ९८४७९६०२३५ | स्थायी |
| 16 | टिक राज रोकाया | पशु स्वास्थ्य प्राविधिक | सहायक पाचौ | ९८४०६५३८६९ | स्थायी |
| 17 | राम कुमार चौधरी | पशु सेवा प्राविधिक | सहायक पाचौ | ९८४८४३९९६१ | स्थायी |
| 18 | विजय पौडेल | प्रा.स कृषी | सहायक पाचौ | ९८६८०२४७६२ | स्थायी |
| 19 | विप्लभ वि.क. | सव इन्जिनियर | सहायक पाचौ | ९७६४१९६६४२ | स्थायी |
| 20 | सर्मिला वि.क | स.म.वि.नि | सहायक चौथो | | स्थायी |
| 25 | प्रेम जि.सी | ना.प.स्वा.प्रा | सहायक चौथो | ९८४७८६५१०३ | करार |
| 26 | वसन्ता विष्ट | फिल्ड सहायक | सहायक चौथो | ९८६९९८४७३२ | करार |
| 27 | दिपेश महतरा | नायव पशु सेवा प्रा. | सहायक चौथो | ९८६९४०३४४० | करार |
| 28 | सरिता भट्टराई | लघ उ.वि. सहजकर्ता | सहायक चौथो | ९८४९८९७७५३ | करार |
| 29 | सिता विक | उद्यमविकास सहजकर्ता | सहायक चौथो | ९८४७५०२४८९ | करार |
| 30 | सम्झना के सी | पोषण स्वंयसेवक | श्रेणी बिहिन | ९८४७९७०१६८ | करार |
| 31 | राम प्रसाद पोखेल | का.स. | श्रेणी बिहिन | ९८६६१९७५३९ | स्थायी |
| 32 | दामोदर उपाध्या | का.स. | श्रेणी बिहिन | ९८५७८३६९१६ | करार |
| 33 | मुक्त बहादुर केसी | का.स. | श्रेणी बिहिन | ९८६६४२७३४८ | करार |
| 34 | अशोक भट्टराई | का.स. | श्रेणी बिहिन | ९८४३२४०२२३ | करार |
| 35 | त्रिभुवन घिमिरे | का.स. | श्रेणी बिहिन | ९८६९२६२७७० | करार |
| 36 | त्रिभुवन जि.सी | का.स. | श्रेणी बिहिन | ९८६९७४८२५१ | करार |
| 37 | मनिषा के.एम. | स्वीपर | श्रेणी बिहिन | ९८६५२९९६९९ | करार |
| 38 | सरद रोका | ह.स.चा चालक | श्रेणी बिहिन | ९८५७८३३३८३ | करार |
| 39 | चुमान पुन | व्याकहो लोडर चालक | श्रेणी बिहिन | ९८४६८२९७९६ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| 40 | रेशम जि.सी | सुरक्षा गार्ड | श्रेणी बिहिन | ९८४७८१५२०० | करार |
| 41 | धर्मज्योति ढकाल | सुरक्षा गार्ड | श्रेणी बिहिन | ९८४७१३४५९७ | करार |
| **वडा कार्यालय तर्फ कर्मचारी विवरण** | | | | | |
| **१ नं. वडा कार्यालय** | | | | | |
| १ | प्रकाश जि.सी. | अ-सव इन्जिनियर | सहायक चौथो | ९८४७९०१३९५ | स्थायी |
| २ | सुमन पोखेल | का.स. | श्रेणी बिहिन | ९८४०७४०६३१ | करार |
| **२ नं. वडा कार्यालय** | | | | | |
| १ | टिकराज रोकाया | सहायक चौथो | सहायक चौथो | ९८४१५३२३६९ | स्थायी |
| २ | लिलाधर पोखेल | अ-सव इन्जिनियर | सहायक चौथो | ९७५७०३२५७५ | स्थायी |
| ३ | कृष्ण बहादुर खत्री | का.स. | श्रेणी बिहिन | ९८४७९०१३६६ | करार |
| **३ नं. वडा कार्यालय** | | | | | |
| १ | टिकराज रोकाया | सहायक चौथो | अ.स.ई | ९८६०३५८४८० | स्थायी |
| २ | विविध भट्टराई | ना.प्रा.स. | सहायक चौथो | ९८५७८३३१४३ | करार |
| ३ | राधा जि.सी. | का.स. | श्रेणी बिहिन | ९८६३६४९५७६ | करार |
| **४ नं. वडा कार्यालय** | | | | | |
| १ | सन्देश वोहरा | प्रा.स | सहायक चौथो | ९८४७८७७४९५ | स्थायी |
| २ | प्रकाश व्रिकम सिं | का.स. | श्रेणी बिहिन | ९८६८२८३२२६ | करार |
| | | | | | |
| **५ नं. वडा कार्यालय** | | | | | |
| १ | भगवती शर्मा | सहायक | सहायक चौथो | ९८४१६९४६५३ | स्थायी |
| २ | कमला खनाल पोखरेल | का.स. | श्रेणी बिहिन | ९८४७९२८०७७ | करार |
| **६ नं. वडा कार्यालय** | | | | | |
| १ | राम कुमार चौधरी | सहायक | सहायक पाचौ | ९८४३१५०४२७ | स्थायी |
| २ | वासुदेव गिरी | अ-सव इन्जिनियर | सहायक चौथो | ९८५७८३३१५६ | करार |
| ३ | जयन्ता गिरी | ना.प.से.प्रा. | सहायक चौथो | ९८६७८७५०६८ | करार |
| ४ | आशा जि सी थापा | का.स. | श्रेणी बिहिन | ९७४६९२९६०३ | करार |
| **७ नं. वडा कार्यालय** | | | | | |
| १ | प्रमिला शर्मा जि.सी | सहायक | सहायक पाचौ | ९८६६८३३०६८ | स्थायी |
| २ | गिरीराज पोखेल | ना.प्रा.स. | सहायक चौथो | ९८४७८५३१६६ | करार |
| ३ | शिव पोखरेल | अ-सव इन्जिनियर | सहायक चौथो | ९८४७८३९४३७ | करार |
| ४ | हरी गिरी | का.स. | श्रेणी बिहिन | ९८४७९२८१८४ | करार |
| **८ नं. वडा कार्यालय** | | | | | |
| १ | विप्लव वि.क | वडा सचिव | सहायक पाचौ | ९८४९४९५२३४ | स्थायि |
| २ | कृष्ण बहादुर वस्नेत | ना.प.स्वा.प्रा | सहायक चौथो | ९८४७८५१८९१ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नगेन्द्र आचार्य | सव इन्जिनियर | सहायक पाचौ | ९८६६२७२२५० | करार |
| ४ | कृष्ण बहादुर वस्नेत | का.स. | श्रेणी बिहिन | ९८४७३६६८२२ | करार |

स्वास्थ्य संस्था तर्फ

| | | | | | |
|---|---|---|---|---|---|
| बाङ्गेमरोट स्वास्थ्य चौकी वडा नं १ | | | | | |
| १ | जान बहादुर पुन | ज.स्वा.नी | अधिकृत छैटौ | ९८४७२३१७०१ | स्थायी |
| २ | काशी वहादुर वि.क | सि.अ.हे.व. | सहायक पाचौ | ९८६४२२३३३३ | स्थायी |
| ३ | कल्पना वि.क. | अ.न.मी. | सहायक चौथो | ९८६७२१२४०५ | करार |
| ४ | हरिमाया देवकोटा | अ.हे.व. | सहायक चौथो | ९८४८२८००४४ | करार |
| ५ | ईन्जला जि.सी | अ.न.मी. (वर्थिङ्ग) | सहायक चौथो | ९८६७१२११६१ | करार |
| ६ | ज्ञान बहादुर के.सी. | का.स. | श्रेणी बिहिन | ९८४७९८५४१८ | करार |
| बाँदिकोट स्वास्थ्यचौकी वडा नं २ | | | | | |
| 1 | कमल प्रसाद पोखेल | अ.हे.व. | सहायक चौथो | ९८४३३१२४३८ | स्थायी |
| 2 | मुमा एम.सी. | सि.अ.न.मी. | सहायक पाचौ | ९८६७२०१०४६ | स्थायी |
| 3 | तुफान जि.सी | हे.अ. | सहायक पाचौ | ९८४९५६४५६९ | करार |
| 4 | उर्मीला मल्ल | अ.न.मी. | सहायक चौथो | ९८६६९७५५०० | करार |
| 5 | रचना सेन | अ.न.मी.(वर्थिङ्ग) | सहायक चौथो | ९८४७१८०४८४ | करार |
| ६ | जुना महतरा | अ.हे.व. | सहायक चौथो | ९८६६५७५२२५ | करार |
| ७ | हरि बहादुर महतरा | का.स. | श्रेणी बिहिन | ९८६४८२८५४३ | स्थायी |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं ३ आहालखोला | | | | | |
| १ | याम कुमार थारु | सि.अ.हे.व. | सहायक पाचौ | ९८५८०८१००५ | स्थायी |
| २ | राम बहादुर के.सी. | अ.हे.व. | सहायक चौथो | ९८४९४६७३३९ | करार |
| ३ | भगवती दाहाल | अ.न.मी. | सहायक चौथो | ९८४७९७१४३५ | करार |
| ४ | यमसरी कामी | का.स. | श्रेणी बिहिन | ९८६७३२५२२३ | करार |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाङ्गेफेदी वडा नं ४ | | | | | |
| १ | मिन बहादुर जि.सी | सि.अ.हे.व. | सहायक पाचौ | ९८६०६६५६२० | स्थायी |
| २ | सविता जि.सी | अ.न.मी | सहायक चौथो | ९८६४९७८४२५ | करार |
| 3 | गिर वहादुर जि.सी | का.स. | श्रेणी बिहिन | ९८४२७८९१४४ | करार |
| ओखरकोट स्वास्थ्य चौकी वडा नं ५ | | | | | |
| १ | बिजुला जि.सी. | सि.अ.न.मी. निरीक्षक | अधिकृत छैठौ | ९८४७९२३६५८ | स्थायी |
| २ | ओमकला घर्तिमगर | सि.अ.न.मी. | सहायक पाचौ | ९८६८६३८८५८ | स्थायी |
| ३ | नारायणी जि.सी. | हे.अ. | सहायक पाचौ | ९८६३८००२५० | करार |
| ४ | कमला गुरुङ | अ.न.मी.(वर्थिङ्ग) | सहायक चौथो | ९८४७६५८८४६ | करार |
| ५ | सोनम के.सीं | ल्या.अ. | सहायक चौथो | ९८६९२६२१६८ | करार |
| ६ | वावुराम के.सी | ल्या.अ. | सहायक चौथो | ९८४७४७९३२२ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मोहन बहादुर वि.क. | अ.हे.व. | सहायक चौथो | ९८४७९१७१२४ | करार |
| ८ | लक्ष्मी वि.सी. | का.स. | श्रेणी बिहिन | ९८६६२४८३९१ | करार |
| **तोरवाङ्ग स्वास्थ्य चौकी वडा नं ६** | | | | | |
| 1 | सुमित्रा थापा | हे.अ. | सहायक पाचौ | ९८४९७८८४९८ | स्थायी |
| 2 | राम बहादुर के.सी. | सि.अ.हे.ब. | सहायक चौथो | ९८४७८३४८१५ | स्थायी |
| 3 | रुपा पुन | सि.अ.न.मी. | सहायक पाचौ | ९८४७८३१८०५ | स्थायी |
| 4 | विमला पोखेल | सि.अ.न.मी. | अधिकृत छैठौं | ९८४७९७७९८९ | स्थायी |
| 5 | संजिता कुवर | अ.न.मी.(वर्थिङ्ग) | सहायक चौथो | ९८६८६१३९४९ | करार |
| 6 | निसा गिरी विष्ट | का.स. | श्रेणी बिहिन | ९८४७८११२४४ | करार |
| **तुषारा स्वास्थ्य चौकी वडा नं ७** | | | | | |
| १ | दुर्गा जि.सी. | सि.अ.न.मी. | सहायक पाचौ | ९८४७९०१२६६ | स्थायी |
| २ | बसन्त बहादुर वि.क. | हे.अ. | सहायक पाचौ | ९८६९९२२७१० | करार |
| ३ | कमल गिरी | अ.हे.व. | सहायक चौथो | ९८४७८७७२४७ | करार |
| ४ | मेनका के.सीं | अ.हे.व. | सहायक चौथो | ९८४५५७८६६६ | करार |
| ५ | विना के.सी | अ.न.मी | सहायक चौथो | ९८६४८१०२९९ | करार |
| ६ | दिलमाया वि.क | अ.न.मी (वर्थिङ्ग) | सहायक चौथो | ९८४७९०१८३२ | करार |
| ७ | लिला जि.सी. | का.स. | श्रेणी बिहिन | ९८४९८३६०९४ | करार |
| **आधारभूत स्वास्थ्य सेवा केन्द्र, टिमुरचौर वडा नं ८** | | | | | |
| १ | हरी बहादुर थापा | अ.हे.व. | सहायक चौथो | ९८६६२४८३७५ | करार |
| २ | सरस्वता घर्तिमगर | अ.न.मी. | सहायक चौथो | ९८६०९८६०१३ | करार |
| ३ | कल्पना वली | अ.हे.व | सहायक चौथो | ९८६५५४९८१० | करार |
| ४ | चित्रलाल गिरी | का.स. | श्रेणी बिहिन | ९८४२४०९०८८ | करार |

## बिषयगत शाखाको कार्य विभाजन

१. सामान्य प्रशासन शाखा

(क) **स्थानीय सेवा तथा जनशक्ति विकास**

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन,स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य,गाउँपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन,मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा,गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

(ख) **सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन**

- गाउँपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय,गाउँपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको

अद्यावधिक अभिलेख,गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख,गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

**(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय**

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व,जिल्ला समन्वय समितिसँगको समन्वय,वडा तहसँगको सम्पर्क र समन्वय,पत्राचार, सभा, समारोह, शिष्टाचार ।

**(घ) नगर प्रहरी व्यवस्थापन**

- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, नगर प्रहरीमार्फत देहायका कार्य सम्पादन गर्ने,नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग, सम्पत्तिको संरक्षण,गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन, गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,विपद् व्यवस्थापनमा सहयोग,अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,फूटपाथ व्यवस्थापननिर्माण नियमनगुणस्तर नियन्त्रणनगर प्रहरी सम्बन्धी अन्य कार्य ।

**(ङ) न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन**

- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य,न्याय तथा कानूनी राज्यको परिपालना,मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन,व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

**(च) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन**

- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन,आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन,अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी,सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

**(छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन,बजार तथा हाट बजार व्यवस्थापन,उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण, स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,खाद्य पदार्थको गुणस्तर नियन्त्रण,खानेपानीको गुणस्तर नियन्त्रण,स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन ।

**(ज) बैठक तथा विधायन**

- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन,कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन ,कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन,कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन,नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासनका लागि समन्वय,विधायन सम्वन्धी अन्य कार्य

**(झ) आन्तरिक लेखापरीक्षण**

- आन्तरिक तथा पूर्व लेखापरीक्षण,लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन ,अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,लेखापालनसम्वन्धी क्षमता विकास कार्य ।

**(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण, आदि ।**

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख ।

**२. राजश्व तथा आर्थिक प्रशासन शाखा**

(क) राजश्व नीति तथा प्रशासन

- राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)सम्पत्ति कर, घरबहाल कर,

घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन,सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड,आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन,स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन),मालपोत संकलन,कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, र्‍याफ्टिङ्ग शुल्क,सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन,प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,प्रचलित कानुन बमोजिम दण्ड जरिवाना,बाँकी बक्यौता रकमको लगत र असुल उपर,करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिकवित्तीय स्रोत साधनको समतामूलक बाँडफाँडआर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,राजश्व परामर्श समिति सम्बन्धी विषय,स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन, राजश्वको सम्भाव्यता अध्ययन,राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था ।

**(ख) आर्थिक प्रशासन**

- आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन,बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन,सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,लगानी र लाभांशको व्यबस्थापन,लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरण,समष्टिगत आर्थिक अवस्थाको विश्लेषण ,ऋण तथा अनुदानको व्यवस्थापन र नियमन,लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,राजश्व तथा व्ययको अनुमान,बेरुजू फछ्र्यौट,आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विषय ।

**३.पूर्बाधार विकास तथा भवन नियमन शाखा**

**(क) सडक तथा यातायात व्यवस्था**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार,यातायात सुरक्षा व्यवस्थापन र नियमन,स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन,वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन ,आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय,यातायात क्षेत्रमा लगानी अभिबृद्धि,यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच,यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन,निजी यातायात नियमन व्यवस्थापन

**(ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत)**

- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन,भवन निर्माण इजाजत, भवन संहिता कार्यान्वयन,भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन,पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण,सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार,

**(ग) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा, भू–उपयोग तथा वस्ती विकास**

- प्रादेशिक मापदण्ड बमोजिम घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,भूमिको वर्गीकरण अनुसारको लगत ,जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण,सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता,विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत ।

**बस्ती विकास**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वय,गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन,आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन,एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यबस्थापन,सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन ,सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था,स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था,एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।

**(घ) जलविद्युत, उर्जा, सडक वत्ती र सिंचाई**

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रबर्द्धन,विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन,स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,सडक वत्तीको व्यवस्था ।

**सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण**

- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन,सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान,  अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन,जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय ,तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियम,साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

**(ङ) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन,बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन,फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,सरसफाई  तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण,हानिकारक पदार्थहरूको नियमन तथा  नियन्त्रण,सार्वजनिक शौचालय व्यवस्थापन,वातावरणीय जोखिम न्यूनीकरण,न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,पानी मुहानको संरक्षण,पहिरो नियन्त्रण,जलवायू परिवर्तन अनुकुलन कार्यक्रम ।

**(च) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्वुलेन्स**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन,विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्व,विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,विपद् व्यवस्थापनमा,सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,विपद् कोषको  स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,बारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन,स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली ।

**(छ) सार्वजनिक निजी साझेदारी**

- स्थानीय सार्वजनिक–निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण,स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन ,स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन ।

**४. आर्थिक विकास शाखा**

**(क) कृषि, पशुपन्छी तथा सहकारी**

कृषि

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण,शीत भण्डारणको

व्यवस्थापन,कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन

**पशुपन्छी**

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
  पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन,पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,पशु आहारको गुणस्तर नियमन,स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**सहकारी**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,स्थानीय सहकारीको क्षमता अभिवृद्धि,स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन ।

**(ख) वन, भू–संरक्षण, वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विविधता**

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन ,वन उपभोक्ता समूहको व्यवस्थापन,मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,निजी तथा व्यवसायिक वनको प्रबर्द्धन र नियमन,सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,वनबीऊ बगैँचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन ,स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,मिचाहा प्रजातिको नियन्त्रण,जैविक विविधताको अभिलेख,सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्र,भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,जलवायू परिवर्तन अनुकुलन कार्य ,आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन

**(ग) उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण**

**उद्योग**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,उद्यमशिलता प्रवर्द्धन,व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन ।

**खानी तथा खनिज**

